# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा प्रवाह संबन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोनको उच्च जोखिमलाई दृष्टिगत गरी संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून ब्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतको मिति २०७८।१०।०४ मा बसेको पुर्ण बैठकको निर्णयबाट स्थानीय परिस्थिति एवं जोखिमको अवस्थाको तथा संक्रमित भएको अवस्था समेतको मुल्याङ्कनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको अवस्था सम्बन्धित अदालतले मिलाउने भनी निर्देशन समेत प्राप्त भएको एवम् जिल्ला सरकारी वकील कार्यालय र जिल्ला वार ईकाईका पदाधिकारीहरुसँगको छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर गरी मिति २०७८|१०|०७ मा भएको निर्णयमा थप यस अवधिमा पेशी चढेका मुद्दाहरु समेतलाई स्थगित गर्ने गरी पुनः यस अदालतको मिति २०७८|१०|१० मा बसेको बैठकबाट मिति २०७८|१०|१० गते देखि २०७८|१०|२० सम्म देहाय बमोजिम सेवा बाहेक अन्य सेवा यथावत हुने गरी सेवा संकुचन गर्ने र उक्त अवधि पश्चात स्थगन भएका कार्यहरुलाई प्राथमिकताका आधारमा संचालन गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबै कानून ब्यवसायी, जिल्ला सरकारी वकील कार्यालय काभ्रेपलाञ्चोक, सेवाग्राही तथा सरोकारवालामा जानकारीका लागि अनुरोध छ।

<u>देहाय</u>

१. सबै प्रकृतिका मुद्दाहरुमा आदेश बमोजिम हुने बकपत्रको कार्यहरु ।

२. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ नं. बमोजिम गरिने बयान कार्यहरु।

३. यस अवधि भित्र पेशीमा चढेका मुद्दाहरुको सुनुवाई ।